# THE WEST BENGAL COUNCIL OF RABINDRA OPEN SCHOOLING

**UCHCHA MADHYAMIK PARIKSHA, 2025**

**Nepali**

**(New Syllabus)**

**Time : 3 Hours 15 Minutes** **Full Marks : 80**

(First 15 Minutes for reading the question paper)

## (General Instructions for the Examinees)

Candidates should write their Name, Roll No. and Registration No. in their respective answer scripts.

First 15 Minutes are allotted for reading the question paper.

Answers should be in brief and to the point.

Write correct question no. against each answer.

Special credit will be given for answers which are brief and to the point.

Marks will be deducted for spelling mistakes, untidiness and bad handwriting.

In the right side the marks of questions are given.

छोटो छरितो वस्तुनिष्ठ उत्तरलाई प्राथमिकता दिइने छ।

अस्पष्ट र अपरिष्कृत लेख तथा हिज्जेगत अशुद्धि भएमा अङ्क घटाइने छ।

प्रश्नका छेउमा दिइएका अङ्कहरू पूर्णाङ्क सूचक हुन्।

## Group-A

**1.** तल दिइएका प्रश्नहरूमध्ये कुनै *12 वटा* प्रश्नहरूको उत्तर दिनुहोस्। 1×12=12

(i) पूर्ण राईको पहिलो कथा 'भत्केको घर' सन् 1966-मा कुन पत्रिकामा प्रकाशित भएको थियो?

(a) दियालो (b) खोजी

(c) धुवाँ (d) स्रष्टा

(ii) भारतमा नेपाली भाषा र साहित्यको जग बसाल्नमा कुन साहित्यकारको महत्त्वपूर्ण भूमिका रहेको छ?

(a) ज्ञानदिल दास (b) इन्द्रबहादुर राई

(c) अगमसिंह गिरी (d) पारसमणि प्रधान

(iii) इन्द्र सुन्दासको पहिलो प्रकाशित कथा हो—

(a) रानीखोला (b) गाड़ीमान

(c) सपनाको सम्झनामा (d) सर्वोपकारी

(iv) इन्द्रबहादुर राई कुन कृतिको निम्ति सन् 1977-मा साहित्य अकादेमी पुरस्कारले पुरस्कृत भएका थिए?

(a) आज रमिता छ (b) नेपाली उपन्यासका आधारहरू

(c) कथास्था (d) विपना कतिपय

(v) शिवकुमार राईका कथाहरूमध्ये खूबै प्रचलित कथा हो—

(a) फ्रन्टियर (b) छाता

(c) माछाको मोल (d) ज्यानमारा

(vi) कुन कविको युगलाई नेपाली कविताको स्वर्णयुग मानिन्छ?

(a) बालकृष्ण सम (b) लक्ष्मीप्रसाद देवकोटा

(c) हरिभक्त कटुवाल (d) लेखनाथ पौड्याल

(vii) 'थो जिन्दगी खै के जिन्दगी' (कविता सङ्ग्रह)-का कवि को हुन्?

(a) अगमसिंह गिरी (b) हरिभक्त कटुवाल

(c) राजेन्द्र भण्डारी (d) नरबहादुर दाहाल

(viii) पिता स्व. छविलाल गिरी र माता स्व. विमलादेवी गिरीका आठजना छोरा-छोरीहरूमा अगमसिंह गिरी _________ थिए।

(a) साइँला (b) माइला

(c) जेठा (d) कान्छा

(ix) हरिभक्त कटुवालको जन्म 2 जुलाई सन् 1935-मा भारतको _________ राज्यमा भएको थियो।

(a) पश्चिम बङ्गाल (b) आसाम

(c) मिजोराम (d) मणिपुर

(x) बालकृष्ण समको पहिलो प्रकाशित नाटक हो—

(a) प्रेमपिण्ड (b) मुकुन्द इन्दिरा

(c) मुटुको व्यथा (d) अमरसिंह

(xi) 'लामखुट्टे' कस्तो समास हो?

(a) तत्पुरूष समास (b) द्विगु समास
(c) बहुब्रीहि समास (d) द्वन्द्व समास

(xii) दुईवटा वा दुईवटाभन्दा बेसी वर्ण जोड़िने प्रक्रिया नै ________ हो।

(a) सन्धि (b) समास
(c) नामधातु (d) प्रत्यय प्रक्रिया

(xiii) 'आङमा घाम लाग्नु' यस वाग्धाराको अर्थ के हो?

(a) मनमा शान्ति हुनु (b) मनमा खुशी हुनु
(c) मनमा रमाइलो छाउनु (d) मननै अशान्त हुनु

(xiv) प्रकाश 'कोविद'-को वास्तविक नाम हो—

(a) नरबहादुर राई (b) मनबहादुर राई
(c) धनबहादुर राई (d) वखते राई

(xv) इन्द्र सुन्दासद्वारा रचित 'जुनेली रेखा' साहित्यको कुन विधामा पर्छ?

(a) नाटक (b) निबन्ध
(c) उपन्यास (d) कथा

(xvi) रामभक्ति धाराका केन्द्रिय कवि हुन्—

(a) इन्दिरस (b) सुन्दरानन्द बाँड़ा
(c) वसन्त शर्मा (d) भानुभक्त आचार्य

(xvii) थोरै लेखेर धेरै प्रसिद्धि कमाउने नेपाली कविहरूमध्ये एकजना हुन्—

(a) नरबहादुर दाहाल (b) हरिभक्त कटुवाल
(c) गोपालप्रसाद रिमाल (d) अगमसिंह गिरी

## Group-B (समूह 'ख')

**2.** तल दिइएका प्रश्नहरूमध्ये छ (6) वटा-को उत्तर लेख्नुहोस्। 2×6=12

(a) 'मेरो बचाइको एक दिन' कवितामा कविले कस्ता दिनहरू बाँच्न चाहिएन भनेका छन्? किन?

(b) 'रहर' कवितामा कविले के गर्ने र के नगर्ने सल्लाह दिएका छन्?

(c) हाड़हरूका सुन्दर खम्बा
मांसपिण्डका दिवार
मस्तिष्कको थो सुनको छाना
इन्द्रियहरूका द्वार।
— यस पद्यांशको व्याख्या गर।

(d) ''छुवाछुतको पायका लागि भारतलाई भगवान्‌को यो दण्ड हो।'' भनेर कुन दण्डको विषयमा भनिएको छ?

(e) 'ऐ! मुख छ भन्दैमा जतासुकै नबोल्।' यो वाक्यांश कसले किन भनेको हो?

(f) 'वर्षा' कवितामा कविले वर्षाको के कस्तो वर्णन गरेका छन्?

(g) कारक र विभक्ति कति प्रकारका छन्? नाउँ लेखेट तिनीहरूको सम्बन्ध देखाऊ।

(h) सन्धि के हो? कति प्रकारका छन्?

(i) द्विगु समास र द्वन्द्व समासमाझ के अन्तर छ? उदाहरण पति लेख।

## Group-C (समूह 'ग')

**3.** तल दिइएका प्रश्नहरूमध्ये कुनै *नौ* (9) वटा प्रश्नहरूका उत्तर लेख्नुहोस्। 4×9=36

(a) 'रहर' कविताको मूलभाव स्पष्ट पार्नुहोस।

(b) 'तर कहिले?' उपन्यास कुन पृष्ठभूमिमा रचिएको हो? उन्यासको शीर्षक सार्थक छ? कसरी?

(c) लक्ष्मीप्रसाद देवकोटाले 'यात्री' कवितामा कसरी मानवतावादी भाव पोखेका छन्? व्याख्यासहित लेख्नुहोस्।

(d) एकाङ्की भन्नाले के बुझिन्छ? 'वियोग' एकाङ्कीको नामकरण कतिसम्म सार्थक र सुहाउँदो छ? कसरी? स्पष्ट पारेर लेख्नुहोस्।

(e) 'दोषी चस्मा' कथाको मूल आशय स्पष्ट पार्नुहोस्।

(f) 'शेर सिंह गोरखा' कथाका दिलबहादुर कस्ता पात्र हुन्? स्पष्ट पार्नुहोस्।

(g) कथाकार इन्द्रबहादुर राईको परिचय दिँदै 'रातभरि हुरी चल्यो' कथाको सार लेख्नुहोस्।

(h) 'वियोग' एकाङ्कीको केन्द्रिय भाब सरल र सरस भाषाशैलीमा प्रस्तुत गर्नुहोस्।

(i) 'गान्धी' निबन्धमा निबन्धकारले महात्मा गान्धी बारे के कस्ता विशेषताहरू दर्शाउन खोजेका छन्।— लेख्नुहोस्।

(j) 'नेपाली साहित्यमा भक्तिकाल वा अध्यात्मक काल' बारे छोटो र मोटोरूपमा लेख्नुहोस्।

(k) ''इमान भनेको लाख हो, धन भनेको खाक हो।''— लाई भाव बिस्तार गर्नुहोस्।

(l) सन्धि र समासमा के भिन्नता छ? उदाहरणसहित प्रस्तुत गर्नुहोस्।

(m) सारांश भन्नाले के बुझिन्छ? सारांश लेख्य ध्यान दिनुपर्ने कुराहरू के के हुन्?

(n) गाउँमा आइपरेको खाने पानीको समस्या बारे अवगत गराउँदै पञ्चायत प्रधानलाई पत्र लेख्नुहोस्।

(o) वाग्धारा भन्नाले के बुझिन्छ? वाग्धारालाई नेपालीमा अरू कुन कुन नाम दिइएको छ? नेपाली भाषामा वाग्धाराको महत्त्व कस्तो छ? लेख्नुहोस्।

## Group-D (समूह 'घ')

**4.** निम्न विषयहरूमध्ये कुनै *चार* (4) वटा विषयमा निबन्ध वा टिप्पणी लेख्नुहोस् – 5×4=20

(a) दार्जीलिङ र डुवर्सको चियाकमान अनि श्रमिकको समस्या

(b) 'तर कहिले? उपन्यासमा वर्णित चियाबारीका श्रमिकहरूको अवस्था कस्तो थियो? लेख्नुहोस्।

(c) 'मेरो बचाइको एकदिन' कविताका माध्यमबाट विशेषगरी कविले के भन्न खोजेका छन्?

(d) 'छाता' कथाको मूलभाव लेख्नुहोस्।

(e) नेपाली उखान र यसको महत्त्व

(f) 'सागरमाथाका तेन्जिङ' निबन्धमा रामकृष्ण शर्माको निबन्धकारिता

(g) भारतीय नेपाली साहित्यमा 'चियाबारी साहित्य'

(h) 'सिपाही' कथाको पुरूषपात्र